www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858775006

# गन्यापधुरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व. :-२०८२-०८३
च.नं.:-

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश,नेपाल

## करार पदपूर्ति सम्वन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८२।०८।२१)
खुल्ला प्रतियोगिता

प्रस्तुत विषयमा संघीय शसर्त अनुदान तर्फको "म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोल स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्न यस गाउँपालिकामा जनस्वास्थ्य अधिकृत र गणेशपुर आँखा उपचार केन्द्रका लागि अप्टिकल डिस्पेन्सर करार सेवामा पदपुर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको पदमा करार सेवामा रही कामकाज गर्न ईच्छुक, निम्नानुसारको योग्यता पुगेका नेपाली नागरिकहरुवाट सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिल बमोजिमका विवरणहरु र राजश्व तिरेको रसिद सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र.सं. | विज्ञापन नं | पद | तह | सेवा समुह | माग पद संख्या | आवेदन दस्तुर | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-०८२/८३ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | स्वास्थ्य/ | १ (एक) | रु.१०००।- | लिखित/अन्तर्वार्ता |
| २ | ०२-०८२/८३ | अप्टिकल डिस्पेन्सर | सहायक चौथो | स्वास्थ्य | १ (एक) | रु.५००।- | लिखित/अन्तर्वार्ता |

१. दरखास्त दिने स्थान : गन्यापधुरा गाउँपालिकाको कार्यालय, गणेशपुर, डडेल्धुरा।
२. परिक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।
३. उमेर हद लोकसेवा आयोगले तोके अनुसार लागू हुनेछ।
४.आवश्यक कागजातहरुः व्यक्तिगत निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सो सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि, राजश्व तिरेको रसिद।
५.आवश्यक शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तहको योग्यता हासिल गरेको, अप्टिकल डिस्पेन्सरका लागि सम्वन्धित मान्यता प्राप्त संस्थाबाट तालिम लिइ दर्ता प्रमाण पत्र लिएको।
६. दरखास्त पेश गर्ने अवधिः सूचना प्रकाशित भएको मितिले ३० दिन कार्यालय समय भित्र (तर दरखास्तको अन्तिम दिन सार्वजनिक विदा परेमा सोही दिनको भोलिपल्टलाई अन्तिम दिन मानिनेछ)।
७. पारिश्रमिक : गाउँपालिकाले तोके बमोजिम
८. करार अवधी : नियुक्त भएको ६ महिनासम्म।
९. दरखास्त दिने तरिका : कार्यालयले तोकेको दरखास्त फाराममा आवेदन दिनुपर्नेछ। दरखास्त फाराम कार्यालयबाट वा कार्यालयको वेभसाइट www.ganyapadhuramun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
१०. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने
११. लिखित परिक्षाको पाठ्यक्रम : लोक सेवा आयोगले सम्वन्धित तहको लागि निर्धारण गरेको पाठ्यक्रम।
१२. प्राथमिकता:- दलित,महिला,अपाङ्ग र स्थानीय तथा सम्बन्धीत वार्डमा बसोबास गर्ने उम्मेदवारलाई विशेष प्राथमिकता दिईनेछ।
१३. थप कुरा बुझ्नु परेमा समपर्क फोन नं. ९८५८७७५००६/९८४८४३३९६९ मा वा गन्यापधुरा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला।

प्रमुख प्रशासकीय अधिकृत
दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner